# रास्कोट नगरपालिका

# स्थानीय राजपत्र


## रास्कोट नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ६, संख्या ७, रास्कोट राजपत्र** मितिः २०७९/०६/०४


## भाग- २

### मेयर छात्रवृत्ति व्यवस्थापन कार्यविधि — २०७९

**प्रस्तावना :**

नेपालको संविधानले शिक्षालाई संङ्घ प्रदेश र स्थानीयतहको साझा अधिकारको रुपमा उल्लेख गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहको कार्यक्षेत्र भित्र छात्रवृत्तिको व्यवस्थापन गर्ने भनी व्यवस्था गरेको साथै सामुदायिक विद्यालयहरु र क्याम्पसवाट प्रदान गर्ने छात्रवृत्ति वितरण प्रक्रियामा एकरुपता कायम गरी जेहेन्दार, विपन्न, महिला, दलित, जनजातिका सन्ततिहरुले छात्रवृत्ति प्राप्त गर्ने व्यवस्थालाई सुनिश्चित गर्न र छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी तथा आवश्यकता लक्षित वनाउन आवश्यक देखिएकोले रास्कोट नगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

# परिच्छेद — १

**१. संक्षिप्त नाम तथा प्रारम्भ**

१.१. यो कार्यविधिको नाम **मेयर छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०७९** रहेको छ ।

१.२. यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

१.३. यो कार्यविधि रास्कोट नगरपालिकाको भित्रका सबै सामुदायिक विद्यालयहरु र क्याम्पसमा लागु हुनेछ ।

# परिच्छेद— २

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१. **"नगरपालिका"** भन्नाले रास्कोट नगरपालिकालाई जनाउँछ ।

२.२. **"प्रमुख"** भन्नाले रास्कोट नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ ।

२.३. **"प्रमुख प्रशासकिय अधिकृत"** भन्नाले रास्कोट नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ।

२.४. **"आर्थिक प्रशासन प्रमुख"** भन्नाले रास्कोट नगरपालिकाको आर्थिक प्रशासन प्रमुखलाई जनाउँछ ।

२.५. **"शाखा"** भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा रास्कोटलाई जनाउँछ ।

२.६. **"विद्यालय"** भन्नाले प्रचलित कानुन वमोजिम सामुदायिक विद्यालयकोरुपमा प्रारम्भिक वाल विकास देखि कक्षा १२ सम्म अनुमति प्राप्त गरेको विद्यालय जनाउँछ ।

२.७. **"क्याम्पस"** भन्नाले प्रचलित कानुन बमोजिम उच्च शिक्षा अध्यापन गराउने सामुदायिक क्याम्पसलाई जनाउँछ ।

२.८. **"छात्रवृत्ति"** भन्नाले यसै कार्यविधिले तोकेका आधार अनुसार छनौट भएका विद्यार्थीहरुले वडा कार्यालय तथा नगरपालिकाबाट प्रदान गरेको सुविधालाई जनाउँछ ।

२.९. **"समिति"** भन्नाले वडा र नगरपालिका स्तरिय छात्रवृत्ति व्यवस्थापन समिति लाई जनाउँछ ।

२.१०. **"शाखा प्रमुख"** भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई जनाउँदछ ।

# परिच्छेद — ३

**३.** उद्देश्यः यस कार्यविधिका उद्देश्यहरु निम्न लिखित रहेका छन ।

३.१. छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु ।

विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि – २०७९, रास्कोट कालिकोट

३.२. लक्षित वर्गका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु ।

# परिच्छेद - ४

४. छात्रवृत्ति व्यवस्थापन समिति सम्वन्धि व्यवस्था

४.१. **नगरपालिका स्तरीय छात्रवृत्ति व्यवस्थापन समिति सम्वन्धि व्यवस्था**: रास्कोट नगरपालिकामा छात्रवृती वितरणका लागी देहायका सदस्यहरु रहेको नगरपालिका स्तरीय एक छात्रवृत्ति व्यवस्थापन समितिको गठन हुनेछ ।

*क.* **नगर प्रमुख** **-अध्यक्ष**

*ख.* **नगरशिक्षा समितिमा रहेका सामुदायिक विद्यालयका प्रध्यानाध्यापक वा शिक्षकहरु -सदस्य**

*ग.* **सामाजिक विकास समिति संयोजक** **- सदस्य**

*घ.* **शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख** **-सदस्य सचिव**

४.२. **छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

क. छात्रवृतिका आवेदनका लागि सार्वजानिक रुपमा सुचना आव्हान गर्ने।

ख. छात्रवृतिकालागि विनियोजन गरेको रकमवाट प्रत्येक विद्यालय र क्याम्पसमा छात्रवृत्ति पाउने विद्यार्थी संख्या एकिन गर्ने ।

ग. माग गरिएका आवेदनलाई दफा ५. १ वमोजिमको मापदण्ड अनुसार छनोट गर्ने र छनोट गरिएको विद्यार्थिको नामावली नगरपालिकाको सुचना पाटिमा टाँस गर्ने ।

घ. वास्तविक छात्रवृत्ति पाउनु पर्ने विद्यार्थीले पाए नपाएको अनुगमन गर्ने ।

ङ. सामुदायिक विद्यालयहरु र क्याम्पसवाट कार्य प्रगति प्रतिवेदन माग गरी छात्रवृत्ति वितरणको स्थिति विश्लेषण गर्ने ।

४.३. **समितिको बैठक सम्बन्धि व्यवस्थाः** समितिको बैठक आवश्यकता अनुसार वस्नेछ । बैठक संचालन सम्बन्धी कार्यविधि समिति आफैले तयार गरे बमोजिम हुनेछ ।

# परिच्छेद — ५

## ५. छात्रवृत्ति पाउने व्यवस्था

### ५.१. छात्रवृत्ति व्यवस्था

विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि – २०७९ , रास्कोट कालिकोट

स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई छात्रवृति निम्न मापदण्ड अनुसार वितरण हुनेछ ।

| **मापदण्ड** | **प्रतिशत** | **जना** |
|---|---|---|
| जेहेन्दार विद्यार्थी | २० | १ |
| आर्थिक रुपले विपन्न विद्यार्थी | २० | १ |
| दलित, सिमान्तकृत र जनजाती | २० | १ |
| अपाङ्ग तथा असाहय विद्यार्थी | २० | १ |
| महिला | २० | १ |
| **जम्मा** | **१००** | **५ जना** |

उच्च शिक्षा अन्तर्गत स्नातक तह अध्ययनरत विद्यार्थीलाई छात्रवृति निम्न मापदण्ड अनुसार वितरण हुनेछ ।

| **मापदण्ड** | **प्रतिशत** | **जना** |
|---|---|---|
| जेहेन्दार विद्यार्थी | २० | २ |
| आर्थिक रुपले विपन्न विद्यार्थी | २० | २ |
| दलित, सिमान्तकृत र जनजाती | २० | २ |
| द्बन्द्ध पिडित | १० | १ |
| अपाङ्ग तथा असाहय विद्यार्थी | १० | १ |
| महिला | २० | २ |

५.२. बजेट सिमा :

बजेटको सिमा भित्र रहि तपशिल बमजिमको प्रोत्साहन छात्रवृति रकमहरु दोहोरो नहुने गरि वितरण गरिनेछ ।

| **कक्षा तह** | **छात्रवृति रकम** |
|---|---|
| कक्षा ८ उत्कृष्ट छात्रा | ५००० |
| कक्षा ८ उत्कृष्ट छात्र | ५००० |
| कक्षा १० उत्कृष्ट छात्रा | १०००० |
| कक्षा १० उत्कृष्ट छात्र | १०००० |
| कक्षा १२ उत्कृष्ट छात्र/ छात्रा | १५०००।१५००० |

विद्यालय छात्रवृति व्यवस्थापन कार्यविधि – २०७९, रास्कोट कालिकोट

| | |
|---|---|
| उच्च शिक्षा अध्ययन/ प्राविधिकधार र वि.एस.सी. एम.एस.स्सी. | तोकिएको मापदण्डका आधारमा |

५.३. **छात्रवृत्ति नपाउने अवस्था** :विद्यार्थीले छात्रवृत्ति नपाउने अवस्था निम्नानुसार हुनेछ ।

**क.** गलत वा झुठा विवरण पेश गरेमा ।

**ख.** जम्मा विद्यालय वा क्याम्पस खुलेको दिनको सत्तरी प्रतिशत हाजिरी नभएमा ।

**ग.** प्रचलित कानुन र विद्यालय वा क्याम्पसले तयार पारेको आचारसंहिता उलंघन गरेको प्रमाणित भएमा ।

**घ.** नेपाल सरकारबाट कुनै पनि किसिमको अन्य छात्रवृत्ति सम्बन्धित तहमा प्राप्त गरेको भएमा।

५.४. **छात्रवृत्ति निरन्तरता** : छात्रवृत्ति रास्कोट नगरपालिकाले आफ्नो वार्षिक बजेटमा छात्रवृत्ति कार्यक्रमको लागी बजेट विनियोजन गरेमा निरन्तरता पाउने छ।

५.५. **कार्यक्रम सम्पन्न गर्ने अवधि** : यो छात्रवृत्ति वितरण कार्यक्रम जेठ मसान्त भित्र सम्पन्न गरी सकिने छ ।

५.६. **बचाउ** : यस अघि भएका छात्रवृति वितरण सम्बन्धि भएका सम्पुर्ण कार्यहरु यसै बमोजिम भएको मानिने छ ।

आज्ञाले

**जवान सिंह वम**

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची : १

## विद्यार्थीले दिने निवेदनको ढाँचा

१. विद्यार्थीको नाम :

२. विद्यार्थीको ठेगाना : प्रदेश : जिल्लाः

स्थानीय तहः टोल गाँउ वडा नं. :

३. अभिभावकको नाम थरः पेशाः

४. बाबुको नाम थर : पेशाः

५. आमाको नाम थर : पेशा :

६. सम्पर्क नं. :

७. विद्यार्थी अध्ययन गरिरहेको कक्षा तह :

८. परिवारको वार्षिक आम्दानी :

९. मापदण्डः

क) जेहेन्दार विद्यार्थी

ख) आर्थिक रुपले विपन्न विद्यार्थी

ग) दलित, सिमान्तकृत र जनजाती

घ) द्वन्द्ध पिडित

(ङ) अपाङ्ग तथा असाहय विद्यार्थी

च) महिला

माथि उल्लेखित व्यहोरा ठिक साँचो हो फरक परेमा **'कानुन वमोजिम'** सहुला वुझाउला ।

छात्रवृति दोहोरो परेमा **कानुन वमोजिम** सहुला वुझाउला ।

विद्यार्थीको हस्ताक्षर :

अभिभावकको हस्ताक्षर :

मितिः

रोल.नं.:

विपन्न छात्रवृत्ति व्यवस्थापन कार्यविधि – २०७९, रास्कोट कालिकोट

छात्रवृति प्राप्त गर्न उल्लेखित मापदण्डका आधारमा देहायबमोजिमका कागजातहरु पेश गर्नेछ ।

**१. आवश्यक कागजातहरुः**

- **(क)** सम्बन्धित शिक्षण संस्थाको ७०% हाजिरी प्रमाणित/ जेहेन्दार रहेको सिफारिस
- **(ख)** उत्कृष्ट नतिजा हाँसिल गरेको प्रमाणपत्र
- **(ग)** रास्कोट नगरपालिकाको सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययन गरेको लब्धाङ्क पत्रको प्रतिलिपि
- **(घ)** रास्कोट नगरपालिकाको स्थायी वासिन्दा भएको नागरिकताको प्रमाणित प्रतिलिपि
- **(ङ)** आर्थिकरुपले विपन्नको हकमा वडा कार्यालयक श्रोत खुलेको सिफारिस ।
- **(च)** आमा वा बुवा विहिन भई संरक्षकको घरमा बसेको वडाको सिफारिस ।
- **(छ)** अघिल्लो वर्ष वा सेमेष्टर उत्तिर्ण लब्धाङ्क पत्र ।
- **(ज)** दलित, सिमान्तकृत र जनजातीको हकमा सम्बन्धित वडाको सिफारिस ।
- **(झ)** दण्ड पिडित परिवारको हकमा जिल्ला प्रशासन कार्यालय बाट जारी प्रमाण पत्र ।
- **(ञ)** अपाङ्ग तथा आसयको हकमा अपाङ्गता खुल्ने परिचय पत्रको प्रतिलिपी ।
- **(ट)** सम्बन्धित विद्यालय वा विश्वविद्यालयमा सम्बन्धित तहमा निज विद्यार्थीले नेपाल सरकारबाट कुनै पनि किसिमको छात्रवृत्ति प्राप्त नगरेको भनि प्रमाणित सिफारिस पत्र ।

विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि – रास्कोट कालिकोट